नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड:** २ **संख्याः** ३४ **मितिः** २०८०।०६।०२

भाग – २

आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट पारित मिति: २०८०।०५।२९

प्रमाणीकरण मिति: २०८०।०५।२९

स्थानीय राजपत्रमा प्रकाशन मिति: २०८०।०६।०२

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद १०, दफा ७० र नौगाड गाउँपालिको विपद् जोखिम न्युनिकरण व्यवस्थापन तथा ऐन २०७६ बमोजिम गाउँपालिकाको स्थानीय सञ्चित कोषबाट रकम विनियोजन गरी विपद् जोखिम न्यूनिकरण तथा आर्थिक सहायता कोषको स्थापना गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नौगाड गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७६ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले गाउँपालिकाको अधिकार क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्मा परेका र न्यून आर्थिक स्थिति भएका आर्थिक सहायता पाउन योग्य व्यक्ति र आर्थिक अवस्था कमजोर भएका जेहेनदार विद्यार्थीहरुलाई आर्थिक सहायताका लागि स्थापना भएको कोषको कार्यान्वयन गर्न वाञ्छनीय भएकोले नौगाड गाउँपालिकाको मिति २०८० भदौ २९ गते बसेको गाउँ कार्यपालिकाको बैठकले यो कार्यविधि बनाएको छ ।



प्रमुख प्रशासकीय अधिकृत

**परिच्छेद - १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आर्थिक सहायता सम्बन्धी कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट पारितको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "**गाउँपालिका**" भन्नाले नौगाड गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) "**गाउँकार्यपालिका**" भन्नाले नौगाड गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ग) "**अध्यक्ष**" भन्नाले नौगाड गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "**न्यायिक समिति**" भन्नाले नौगाड गाउँपालिकाको न्यायिक समितिलाई सम्झनु पर्छ ।

(ङ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले नौगाड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपले विपन्न वा गरिबीको रेखामुनि रहेका दीर्घ रोगी, मुटु, कलेजो, फोक्सो, मृगौला, क्यान्सर, पक्षघात, क्षयरोग बिग्रेका जस्ता शरीरको महत्वपूर्ण अंगका रोगी तथा एच.आई.भि. संक्रमित बालबालिका, हिंसा पीडित, अशक्त, असहाय, अपाङ्ग, आमा र बुवा दुबै नभएका टुहुरा तथा असहाय बालबालिका, दुर्घटनामा परेका, बाढी पहिरो, आगलागीमा परेका प्राकृतिक तथा दैवी प्रकोपमा परेका, सुत्केरी आमा तथा बच्चा, विपन्नताको कारण औषधी उपचारबाट वञ्चित भएका नौगाडवासी नागरिकहरु सम्झनु पर्दछ ।

(छ) "दीर्घ रोगी" भन्नाले चिकित्सकको सल्लाह बमोजिम नियमित औषधी सेवन गरिरहनु पर्ने बिरामी सम्झनु पर्दछ ।

(ज) "हिंसा पीडित" भन्नाले न्यायिक समिति वा निकायबाट हिंसा पीडित भनी सिफारिस भएको व्यक्ति सम्झनु पर्दछ ।

## परिच्छेद - २

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. **दीर्घ रोगी तथा क्यान्सर पीडितहरुलाई सहायताः** (१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मुटु, मृगौला, फोक्सो, कलेजो, पक्षघात, क्षयरोग बिग्रेका, एच.आई.भि. संक्रमित) नसा सम्बन्धी रोगहरु तथा क्यान्सर पीडित व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्न सकिनेछ ।

(२) दफा (१) बमोजिम आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँकार्यपालिकाको कार्यालयमा अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन माथि अध्यक्षको प्रस्तावमा गाउँकार्यपालिकाले आवश्यक छलफल गरी बिरामीको अवस्था अनुसार आर्थिक सहायता दिन सक्नेछ । साथै निःशुल्क उपचारको लागि सिफारिस समेत गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम आर्थिक सहायता प्रदान गर्दा पचास हजार रुपैया सम्म अध्यक्षको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले र सो भन्दा माथि कार्यपालिकाको निर्णयानुसार उपलब्ध गराउन सकिनेछ ।

(५) उपदफा (१) बमोजिम आर्थिक सहायता प्राप्त गर्न कम्तीमा तीस हजार रुपैयाँको उपचार संग सम्बन्धित सक्कलै विल भरपाई अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(६) दिर्घरोगीलाई औषधीको विल बमोजिमको रकम निजको बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

स्पष्टीकरणः "आवश्यक कागजात" भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र, चिकित्सकले प्रमाणित गरेका फाइलको कागज, स्थानीय स्वास्थ्य संस्थाको सिफारिस पत्र, उपचारका विल भरपाई, प्रहरीको सर्जमिन मुचुल्का, नागरिकता वा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि लगायतका कागजात सम्झनु पर्दछ ।

(७) आर्थिक सहायता प्राप्त गर्न कम्तीमा पनि ३० हजार रुपैयाँ सम्मको विल भरपाई निवेदन साथ पेश गर्नु पर्ने छ ।

(८) माथि जे सुकै कुरा उल्लेख गरेको भएता पनि नेपाल सरकारले दीर्घरोगीलाई रकम उपलब्ध गराएमा यस बमोजिम आर्थिक सहायता उपलब्ध गराउने छैन ।

४. **जटिल किसिमका सुत्केरी समस्या, हिंसा पीडित महिला तथा बालबालिकालाई सहायताः** (१) सुत्केरी महिला, हिंसा पीडित महिला तथा बालबालिकाको तत्काल उद्धार गरी उपचार गर्न र जीवन यापन गर्न राहत स्वरूप गाउँपालिका अध्यक्षको सिफारिसमा बढीमा चालीस हजार रुपैयाँ सम्म प्रमुख प्रशासकीय अधिकृतले आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक सहायता प्राप्त गर्न अनुसूची (२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०



प्रमुख प्रशासकीय अधिकृत

५. **<u>प्राकृतिक प्रकोप तथा मानव सृजित प्रकोपबाट पीडित र आर्थिक अवस्था कमजोर भएका जेहेन्दार विद्यार्थीहरुलाई सहयोग:</u>** (१) प्राकृतिक प्रकोप तथा मानव सृजित प्रकोप बाट पीडितहरुलाई आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रकोप पीडितहरूलाई देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(क) प्रकोपबाट कुनै व्यक्तिको मृत्यु भएमा नजिकको हकवालालाई प्रति व्यक्ति बढीमा असी हजार रुपैयाँ सम्म उपलब्ध गराउन सकिनेछ ।

(ख) प्रकोपबाट कुनै व्यक्तिको अंगभंग भएमा पीडितलाई बढीमा प्रति व्यक्ति पचास हजार रुपैया सम्म उपलब्ध गराउन सकिनेछ ।

(ग) प्रकोपबाट कुनै व्यक्तिको घरबास भत्किएर आंशिक वा पुरै क्षति भएमा बढीमा तीस हजार रुपैया सम्म उपलब्ध गराउन सकिनेछ ।

(घ) प्रकोपबाट कुनै व्यक्तिको बालीनाली आंशिक वा पुरै नष्ट भएमा पीडित तथा आर्थिक अवस्था कमजोर भएका परिवारको जेहेन्दार विद्यार्थीलाई वढीमा बीस हजार रुपैया सम्म उपलब्ध गराउन सकिनेछ ।

(ङ) प्रकोपबाट कुनै व्यक्तिको पशु चौपाया, चौपायाले खाने आहारा नष्ट भएमा र घर तथा सम्पत्ति नष्ट भएमा क्षतिको अवस्था हेरी बढीमा पचास हजार रुपैया सम्म राहत उपलब्ध गराउन सकिनेछ ।

(च) बाढी पहिरोमा परी परिवार विस्थापित हुने अवस्था भएमा बढीमा दश हजार देखि पचास हजार रुपैयाँ सम्म उपलब्ध गराउन सकिनेछ ।

(छ) प्राविधिक शिक्षा अध्ययन गर्न आर्थिक अवस्था कमजोर भएका दलित, एकल महिला र शहीद परिवारका जेहेन्दार तथा टुहुरा विद्यार्थीहरुलाई अवस्था हेरी एक पटकमा बढीमा पचास हजार रुपैयाँ सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम आर्थिक सहायता प्राप्त गर्नको लागि पीडितले प्रहरीको सर्जमिन मुचुल्का (प्राकृतिक तथा मानव सृजित प्रकोपका लागि) आवश्यक कागजात सहित अनुसूची (३) वमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा गाउँ कार्यपालिकाको कार्यालयले आवश्यक ठानेमा स्थलगत निरीक्षण समेत गरी पचास हजार रुपैया सम्म अध्यक्षको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले र सो भन्दा माथि कार्यपालिको निर्णय अनुसार आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(५) उपदफा (२) को आर्थिक सहायता सम्बन्धमा व्यक्ति वा परिवारको लापरवाहीको कारणबाट क्षति भएमा कुनै पनि सहायता उपलब्ध हुने छैन ।



प्रमुख प्रशासकीय अधिकृत

(६) प्राकृतिक तथा मानव श्रृजित घटनामा परी मृत्यु भएका व्यक्तिको शव ढुवानी वाफतको रकम समेत यसै कोषबाट भुक्तानी गर्न सकिनेछ ।

(७) आर्थिक सहायता अधिकारको रुपमा नभएर सहयोगको रुपमा मात्र रहनेछ ।

## परिच्छेद ३

## विविध

६. **<u>अधिकार प्रत्यायोजन गर्न सकिने:</u>** यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार गाउँकार्यपालिकाले अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ ।

७. **<u>आर्थिक सहायता कोष:</u>** (१) यस कार्यविधि अनुसार आर्थिक सहायता उपलब्ध गराउन तथा प्राकृतिक र गैर प्राकृतिक प्रकोप पीडितलाई राहत, उद्दार तथा पुनस्थापना गर्न र अन्य आकस्मिक कार्यको प्रयोजनको लागि एउटा आर्थिक सहायता कोष स्थापना गरिनेछ ।

(२) आर्थिक सहायता कोषमा देहायको रकम जम्मा गरिनेछ ।

(क) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट कोषको लागि प्राप्त अनुदान रकम,

(ख) सरकारी तथा गैर सरकारी संघ संस्थाबाट कोषको लागि प्राप्त रकम,

(ग) आर्थिक सहायता, प्रकोप पीडितको उद्दार, राहत तथा पुनस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(३) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा हेर्ने व्यक्तिको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) आर्थिक सहायता तथा आकस्मिक कोष सम्बन्धी अन्य व्यवस्था गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

८. **<u>संशोधन तथा खारेजी:</u>** (१) यस कार्यविधिमा कुनै कुरा संशोधन वा थपघट गर्नु परेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा भएको व्यवस्था संविधान, संघीय तथा प्रदेश कानुन संग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ ।

(३) यस भन्दा पूर्व भए गरेका काम कार्वाहीहरु यसै बमोजिम भए गरेको मानिने छ ।

आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची -१

**(दफा ३ को उपदफा १ संग सम्वन्धित)**

मिति..................

श्रीमान् अध्यक्षज्यू,

नौगाड गाउँपालिका

होपरीगाड, दार्चुला

**विषयः आर्थिक सहायता उपलब्ध गराई दिन हुन ।**

महोदय,

प्रस्तुत विषयमा म..........................रोगले ग्रसित भई.............................उपचार गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु । उपचारको लागि मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले गाउँपालिकाको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई दिन र निःशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिन हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

**तपसिलः**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि

२. नागरिकता/ जन्मदर्ता/ विवाहदर्ता/ ..........को प्रतिलिपि

३. चिकित्सक तथा अस्पतालको कागजात

४. स्थानीय स्वास्थ्य संस्थाको सिफारिस पत्र

५. .......................................

**निवेदकः**
नाम थरः...............
हस्ताक्षर............
ठेगानाः .................
सम्पर्क नं. ........................
बैंक खाता नं. .......................
खाता रहेको बैंकको नामः.................

आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**अनुसूची - २**
**(दफा ४ को उपदफा १ संग सम्बन्धित)**

मिति.......................

श्रीमान् अध्यक्षज्यू,
नौगाड गाउँपालिका
होपरगिाड, दार्चुला

**विषयः आर्थिक सहायता उपलब्ध गराईदिन हुन ।**

महोदय,

प्रस्तुत विषयमा म...........................समस्याबाट पीडित भएको र थप उपचार गर्नुपर्ने भएको र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले गाउँपालिकाको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई दिन र निःशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिन हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

**तपसिल**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/ जन्म दर्ता/ विवाह दर्ता/ ..........को प्रतिलिपि
३. चिकित्सक तथा अस्पतालको कागजात
४. स्थानीय स्वास्थ्य संस्थाको सिफारिस पत्र
५. न्यायिक समिति र सम्बन्धित निकायको सिफारिस
६. प्रहरी मुचुल्का
७. अन्य

**निवेदकः**
नाम थरः...............
हस्ताक्षर............
ठेगानाः .................
सम्पर्क नं. ........................
वैंक खाता नं. .......................
खाता रहेको वैंकको नामः..................

आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**अनुसूची - ३**
**(दफा ५ को उपदफा १ संग सम्बन्धित)**

मिति.....................

श्रीमान् अध्यक्षज्यू,
नौगाड गाउँपालिका
होपरगिाड, दार्चुला

**विषयः आर्थिक सहायता उपलब्ध गराईदिन हुन ।**

महोदय,

प्रस्तुत विषयमा म.......................... प्राकृतिक र मानव श्रृजित ..................प्रकोपवाट पीडित भई समस्यामा परेको र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले गाउँपालिकाको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई दिन र निःशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिन हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

**तपसिलः**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/ जन्म दर्ता/ विवाह दर्ता/ ..........को प्रतिलिपि
३. चिकित्सक तथा अस्पतालको कागजात
४. स्थानीय स्वास्थ्य संस्थाको सिफारिस पत्र
५. न्यायिक समिति सम्बन्धित निकायको सिफारिस
६. प्रहरी मुचुल्का
७. अन्य

**निवेदकः**
नाम थरः...............
हस्ताक्षर............
ठेगानाः ................
सम्पर्क नं. ........................
बैंक खाता नं. .......................
खाता रहेको बैंकको नामः.................

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

आर्थिकसहायतासम्बन्धीकार्यविधि,२०८०



प्रमुख प्रशासकीय अधिकृत